नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
रुपन्देही

☎ प्र.जि.अ.५२०३७०
५२०१५८
५२०१५९
५२११५८
Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्या : प्र./०७७/०७८
च.नं. :-

मितिः २०७८/०१/१५

## जिल्ला प्रशासन कार्यालय, रुपन्देहीका प्रमुख जिल्ला अधिकारी अस्मान तामाङबाट जारि आदेश

कोभिड-१९ को नयाँ भेरियन्ट फैलिन नदिन तथा यसको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्को) मिति २०७८/१/६ र १३ को वैठकको निर्णय, गृह मन्त्रलयको च.नं ३१०९, मिति २०७८/०१/१४ गतेको निर्णय कार्यान्वयन सम्बन्धी पत्र, जिल्ला सुरक्षा समिति र जिल्ला कोभिड संकट ब्यबस्थापन केन्द्र, रुपन्देहीको मिति २०७८/०१/१५ गतेको निर्णयहरु समेतको आधारमा संक्रामक रोग नियन्त्रण ऐन, २०२० को दफा २ तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम मिति २०७८ साल बैशाख १६ गते विहान ०६:०० बजेदेखि २०७८ साल बैशाख ३० गते विहान ०६:०० बजेसम्म रुपन्देही जिल्ला भर लागु हुने गरी निम्नानुसार निषेधाज्ञा जारी गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

निम्नः

१. गर्न नपाईने वा निषेध गरिएका कार्यहरुः

- निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अन्य अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्तिहरु घरबाहिर ननिस्कने।
- जिल्ला भित्र सबै प्रकारका निजी तथा सार्वजनिक यात्रुबाहक सवारी साधन सञ्चालन नगर्ने।
- कुनै पनि भेला भिडभाड गर्न, जात्रा सञ्चालन गर्न, महोत्सव सभा जुलुस नगर्ने।
- सबै प्रकारका सभा, पार्टी प्यालेस, सिनेमा हल, सेमिनार, तालिम, गोष्ठी, सम्मेलन, सैलुन, मनोरञ्जन स्थल, डिपाटमेन्टल स्टोर, सपिङ्ग महल, व्युटिपार्लर र स्विमिङ्ग पुल, स्पा, संग्रहालय, पुस्तकालय, समूहमा खेल्ने खेलकुद, जिमखाना आदि सञ्चालन नगर्ने।
- परम्परागत रुपमा भई आएको दैनिक रुपमा हुने आन्तरिक नित्य पुजा बाहेकका सम्पूर्ण धार्मिक साँस्कृतिक गतिविधिहरु सञ्चालन तथा जमघट नगर्ने।
- शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, भाषा कक्षा, ट्युसन सेन्टर लगायतका जमघट हुने गतिविधिहरु सञ्चालन नगर्ने।
- यस जिल्लाबाट अन्यत्र जिल्लाका लागि छुट्ने सार्बजनिक तथा निजी सवारी साधन नचल्ने, पूर्व पश्चिम राजमार्गबाट वारपार गर्ने बाहेक यस जिल्लामा अन्तिम स्टप विन्दु भई अन्य जिल्लाबाट आउन निषेध गरिने।
- होटल/रेष्टुरेण्ट/पार्टी प्यालेस सञ्चालन नगर्ने।

प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

- शान्ति, सुरक्षा तथा सुव्यवस्था, स्वास्थ्य, खानेपानी, दुध, विद्युत, दमकल, संचार, भन्सार, क्वारेन्टाइन, फोहरमैला व्यवस्थापन, इन्धन, एम्बुलेन्स, स्वास्थ्यकर्मी, औषधी र अत्यावश्यक वस्तु तथा मालसामान ढुवानी गर्ने ढुवानीका साधन जस्ता अति आवश्यक सेवा बाहेक अन्य सम्पूर्ण पसल, व्यवसाय र सेवा सञ्चालन बन्द गर्ने।

२. **निषेधादेश व्यबस्थापन सम्बन्धमा:**

- अन्तराष्ट्रिय सीमानाकामा भारत लगायत तेस्रो मुलुकबाट स्थलमार्ग हुदै नेपाल प्रवेशलाई पुर्णतया रोक लगाउने। अति आवश्यकीय जनशक्ति सम्बन्धित निकायको अनुरोधमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी गन्तव्य विन्दुमा पुऱ्याउन सहजीकरण गर्ने।
- नेपाल सरकारको निर्णय बमोजिम अत्यावश्यक अवस्थामा नेपाल आउनुपर्ने नेपालीहरुको लागि नेपाल प्रवेश गर्न तोकिएको बेलहिया सीमा नाकाबाट आउने नेपालीहरुलाई बेलहियामा सञ्चालनमा रहेको होल्डिङ्ग सेन्टरमा तापक्रम मापन सहित अभिलेखिकरण गर्ने, एन्टिजेन्ट परीक्षण गर्ने र नेगेटिभ रिपोर्ट आएका नेपालीहरुलाई स्थानीय तहमा क्वारेन्टाइन वा आइसोलेसन सम्म पुऱ्याउने।
- भारतबाट बेलहिया नाका हुँदै बेलहिया नाकामा सञ्चालित होल्डिङ्ग सेन्टरमा आउने यस जिल्ला तथा अन्य जिल्लाका बिभिन्न नागरिकहरुलाई निजहरुको गन्तब्यमा पठाउनका लागि आबश्यक पर्ने सवारी साधन यस जिल्ला स्थित रहेका यातायात व्यबसायीहरुले होल्डिङ सेन्टरलाई उपलब्ध गराउने।
- एम्बुलेन्स सेवालाइ थप प्रभावकारी वनाउन जिल्लामा रहेका ८३ वटा एम्बुलेन्सलाई कोभिड मैत्री बनाई सञ्चालनमा ल्याउने।
- कोरोना परीक्षण गर्दा संक्रमित व्यक्तिहरुको संख्या बढ्न सक्ने संभावनालाई मध्यनजर राख्दै सबै स्थानीय तहहरुले आपसी सहयोग र समन्वयमा क्वारेन्टिन, आइसोलेसन सेन्टर तथा कोभिड अस्पतालहरुको क्षमता विस्तार गर्ने।
- अति आवश्यकताको आधारमा जिल्ला प्रशासन कार्यालयले सवारी पासलाई व्यवस्थित गर्ने।
- राजनीतिक दलहरुको सहभागितामा Covid Action Team गठन गरी प्रभावकारी रुपमा परिचालन गर्ने।
- अति आवश्यकीय सामाग्रीहरु खाद्यान्न, ग्याँस, तरकारी फलफूल र दूध लगायत दैनिक उपभोग्य बस्तुहरुको सहज आपुर्तिको व्यवस्था उद्योग बाणिज्य र व्यापार संघले मिलाउने।
- निषेधाज्ञा अवधिभर अति आवश्यक वस्तुहरुको ढुवानी सहजताको लागि उद्योग वाणिज्य र व्यापार संघले समन्वय तथा सहजीकरण गर्ने।
- विवाह/ब्रतबन्ध/पूजाआजा वा अन्य संस्कारका लागि बढिमा १५ जनासम्म स्वास्थ्य मापदण्डको पालना गर्ने गरी नजिकको प्रहरी ईकाइ सँग समन्वय गरी आफ्नै निवासमा सम्पन्न गर्न सकिने। विवाहका लागि बढीमा २ वटा साना गाडी वा १ वटा ठूलो गाडीमा जम्मा १५ जना संख्या नबढ्ने गरी शुभ विवाहको ब्यानर राखि विवाहका निम्ती जाँन आउन सकिने।
- स्वास्थ्य, सुरक्षा, खानेपानी, विद्युत, टेलिकम, भन्सार, क्वारेन्टाइन, फोहोरमैला ब्यबस्थापन जस्ता अत्याबश्यक सेवाहरु सञ्चालन हुनेछन भने यस बाहेकका अन्य कार्यालयको हकमा सेवा प्रवाह स्थगन

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुपन्देही

जिल्ला अधिकारी

Scanned with CamScanner

हुनेछ । अत्याबश्यक सेवा प्रदायक कार्यालयका कर्मचारी परिचयपत्रका आधारमा कार्यालय आवत जावत गर्न सक्ने ।

- औधोगिक प्रतिष्ठानहरु र विकास निर्माणहरुमा हुन सक्ने सम्भावित संक्रमण नियन्त्रण तथा त्यहाँबाट हुन सक्ने संक्रमण विस्तारलाई रोकथाम गर्न तपसिलका सुरक्षा तथा स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालना गर्न लगाउने ।

  **तपसिल:**

  १. श्रमिक र अन्य जनशक्तिहरु अनिवार्य रुपमा कार्यस्थलमै रहनु पर्ने, निजहरुलाई खाना र बस्नको व्यवस्था कार्यस्थलमै गरिदिनु पर्ने, बाहिर जान र बाहिर रहेका परिवार लागायत अन्य कुनै व्यक्तिसँग सम्पर्क गर्न नदिने

  २. व्यक्ति ब्यक्ति बिचको भौतिक दुरी कायम राख्ने ।

  ३. स्वास्थ्य सम्बन्धि प्रोटोकल पालना गर्ने ।

  ४. सबै श्रमिकहरुको दैनिक ज्वरो, स्वास्थ्य जाँच गर्ने र माक्स, सेनिटाइजर तथा सावुन पानीको प्रयोग गर्ने ।

  ५. एम्बुलेन्स तयारी अवस्थामा राख्ने व्यवस्था गर्ने ।

  ६. Mild र moderate कामदार संक्रमित भएमा स्वय उद्योगले नै आइसोलेसनको व्यवस्था गर्नु पर्ने ।

  ७. यी प्रावधानहरु पालना गर्ने गराउने जिम्मेवारी उद्योग धनी तथा संचालकको हुने ।

  ८. उक्त कार्यको प्रभावकारी रुपमा अनुगमन गरिनेछ ।

- औद्योगिक प्रतिष्ठानहरुको नियमित रुपमा अनुगमन गर्ने व्यवस्था मिलाईने । मापदण्ड पुरा नगर्ने उद्योग प्रतिष्ठाहरुलाई संक्रामक रोग नियन्त्रण ऐन, २०२० को दफा ३ को उपदफा १ र २ बमोजिम कारवाही गर्ने र शिलबन्दी समेत गर्ने ।

- अस्पतालहरुमा रगतको अभाव हुन नदिन Blood Bank को प्रभावकारी व्यवस्थापन नेपाल रेडक्रस सोसाईटी रुपन्देही र नियमित रक्तदाता संघ,रुपन्देहीले गर्ने ।

- वैंकहरु आवश्यकता र मानवीयताका आधारमा अति संवेदनशील क्षेत्रमा सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सम्पूर्ण मापदण्ड पुरा गरी सेवा उपलब्ध गराउने ।

- भन्सारवाट हुने माल वस्तुको ढुवानी, चालक, सवारी साधन, कामदार, भरिया, सहचालको सम्पूर्ण व्यवस्थापन -भन्सार कार्यालयले गर्ने ।

- बिरामीलाई सम्वन्धित स्वास्थ्य संस्था सम्म ल्याई समन्वय र व्यवस्थापन गर्न स्वास्थ्य कार्यालयका कार्यालय प्रमुखको संयोजकत्वमा PRT (Patient Receiving Team) गठन गर्ने ।

३. यस आदेशको उलङ्घन गर्ने, आदेशको पालना गर्ने कार्यमा अवरोध गर्ने, औषधी-औषधीजन्य समाग्री अत्यावश्यक उपभोग्य बस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून वमोजिम कारवाही हुनेछ ।

४. यस निषेधादेश पालनाको लागि रुपन्देहीबासी तथा अन्य सम्बन्धित सरोकारवालाहरु प्रति हार्दिक अनुरोध गरिन्छ ।

२०७८।१।१८

अस्मान तामाङ

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही

Scanned with CamScanner